# सार्वजनिक परीक्षण प्रतिवेदन

## मामांखे थुम्बे यामासेन पूर्णेडाँडा मोटरबाटो निर्माण उपभोक्ता समिति

आ.वं २०७४।०७५

सार्वजनिक परीक्षण प्रतिवेदन

# मामांखे थुम्मे यामासेन पूर्ण डाँडा मोटरबाटो निर्माण

## पाथीभरा याङ्वरक गाउँपालिकाको कार्यालय,ताप्लेजुङ्ग

सहभागीको उपस्थिति गराइयो ।

सार्वजनिक परीक्षणमा गाउँपालिकाका अध्यक्ष श्री केशर कुमार सुब्बा, उपाध्यक्ष श्री रनमाया गुरुङ, प्रमुख प्रशासकीय अधिकृत श्री रमेश राई, वडा अध्यक्ष श्री भिम बहादुर बस्नेत, योजना शाखा प्रमुख श्री केशव गुरागाईको उपस्थितिमा सार्वजनिक परिक्षण कार्य भएको ।

अध्यक्षता : श्री पूर्ण बहादुर तिवारी

उपभोक्ता समितिको प्रतिवेदन प्रस्तुत श्री पूर्ण बहादुर तिवारी

सहभागी मध्येबाट सार्वजनिक परीक्षण प्रतिवेदन प्रमाणिकरण गर्ने व्यक्ति को छनौट गरियो ।

**प्रमाणिकरण गर्ने व्यक्ति :** बौद्धमान बस्नेत

**कार्यक्रमको**

क) नाम :**मामांखे थुम्बे यामासेन पूर्ण डाँडा मोटरबाटो निर्माण**

ख) लागत अनुमान : ५९७५२६४।२९।-

ग) कार्यक्रम कार्यान्वयन प्रकृया : **उपभोक्ता समिति**

सार्वजनिक निजी साझेदारी :

**घ) कार्यक्रम**

१)स्विकृत मिति :२०७४।१०।१५

२) कार्यक्रम शुरु हुने मिति :०७४।१०।२८

३) योजना सम्पन्न हुने मिति २०७५।०१।२२

३) लागत व्यहोर्ने निकाय : (क) पाथीभरा याङ्वरक गाउँपालिकाको कार्यालय -- ४०,००,०००

: (ख) वडा नं. ३ को कार्यालय -१०,००,०००।

४) उपभोक्ता समितिबाट - १२,२५,२६४।-

## ङ) उपभोक्ता समितिका पदाधिकारी

| क.स. | नाम थर | पद | ना.प्र.नं. | बाबुको नाम |
|---|---|---|---|---|
| १ | पूर्ण बहादुर तिवारी | अध्यक्ष | ३४६६१।२३६०।२०५३।०५।२७ | अम्बर बहादुर तिवारी |
| २ | लोकेन्द्र लिम्बु | उपाध्यक्ष | ४०९६४।२५०२।०५६।५।१८ | हेमलाल लिम्बु |
| ३ | प्रकाश कटुवाल | सचिव | १६६।१७।०६०।०९।२४ | धन बहादुर कटुवाल |
| ४ | भगिराज लिम्बु | सह-सचिव | ०११०३९।१८६।०६७।०१।०८ | पदम जंग लिम्बु |
| ५ | सपना लिम्बु | कोषाध्यक्ष | ०११०३९।१९१।२०६७।०४।३१ | याम कुमार लक्सम्बा पति |
| ७ | अमृत बहादुर कार्की | सदस्य | २५४।०३५।१२।२० | नन्दराम कार्की |
| ८ | शुशिला लिम्बु | सदस्य | ०१५०३९।४०।०६३।११।२७ | कुमारध्वज लिम्बु |
| ९ | सन्तोष कार्की | सदस्य | ५०३२०।२५७२।२०५९।०५।०९ | बल बहादुर |
| १० | देविमाया कटुवाल | सदस्य | ०१४९१९१।२५४९द्धभा।२०५८।१२।२१ | धन बहादुर (पति) |

सार्वजनिक परीक्षणमा उपस्थिति

| क.स | विवरण | उपस्थित संख्या |
|---|---|---|
| १ | महिला | ७ जना |
| २ | पुरुष | २४ जना |
| २ | दलित | ५ जना |

| | | |
|---|---|---|
| ३ | आदिबासी जनजाति | १२ जना |
| ४ | बालबालिका | ८ जना |
| ५ | जम्मा | ४५ जना |

**ङ) कार्यक्रम**

सार्वजनिक सुनुवाई भएको स्थान : वडा नं. ३ थुम्मे, तिरिङ्गे, ताप्लेजुङ्ग

**च) मामांखे थुम्मे यामासेन पूर्णेडाँडा मोटरबाटो निर्माण उपभोक्ता समितिका पदाधिकारी पूर्ण बहादुर तिवारीबाट देहाय बमोजिमको विषयवस्तु माथि प्रस्तुति दिनु भएको थियो :**

**अ) योजना निर्माणको क्रममा भोग्नु परेको समस्या**

क) यस योजना निर्माणको क्रममा गोपिनी खोला सिंचाईं आयोजनाको करिब ५५ मिटर जतिको भाग पुरिएको छ । सो सिंचाईं आयोजनाको पुरिएको भाग पन्छाउन सकिएको छैन ।

ख) यस योजना निर्माणको क्रममा ओदिले याङ्सिम्वेक हुँदै औंसीडाँडा थेचम्बु मोटरबाटोको केहि भाग क्षतिग्रस्त भएकाले सोको पून निर्माण गर्नु परेको ।

ग) यस योजना निर्माणको क्रममा माथिबाट पहरा झरेकाले पहरा पन्छाउन थप काम गर्नु परेको, यसले गाउँपालिकासँग भएको सम्झौता बमोजिम काम पुरा गर्न कठिन भएको ।

घ) पहिले पहिरोको कुनै जोखिम नभएको क्षेत्रमा हाल पहिरो गइ रहेकोछ । यसले थप समस्या सिर्जना गरेकोछ ।

ङ) यस आयोजनाबाट श्री रामचन्द्र ईजमको बसोबास उठ्ने पक्का पक्की जस्तै छ ।

च) यस आयोजनाको रुट सिम्या भिरमा घुम्ती निर्माण गर्नु परेकोले घुम्ती अप्ठ्यारो रहेको , सो घुम्ती निर्माणमा कठिनाई उत्पन्न भएको ।

**आ) योजना निर्माण तथा कार्यान्वयनले स्थानीय बासीमा पारेको प्रभाव (सकारात्मक)**

क) गोरेटोबाटो बन्दा ताली पड्काउने हामी सडक मार्ग बनेकाले धरै खुशी छौं भन्ने भनाई व्यक्त भएको ।

**ई) योजना निर्माण तथा कार्यान्वयनले स्थानीय बासीमा पारेको प्रभाव (नकारात्मक)**

क) यो योजना निर्माणले कतिपय उब्जाउ जग्गाहरुमा क्षति भएको भन्ने भनाइ छ ।

ख) पहिरोको जोखिमको कारण यस योजना भन्दा तलका बासिन्दा नराम्रो गरि प्रभावित हुन सक्ने स्थानीयको अनुमान छ ।

**उ) योजना निर्माणमा आगामी दिनमा उपभोक्ताहरुले गर्नु पर्ने सहयोग**

क) श्रमदान अत्यन्त न्यून हुने गरेकाले श्रमदान बढाउनु पर्ने ।

**ऊ) योजना निर्माण सम्पन्न गर्न वडा तथा गाउँपालिकाबाट गर्नु पर्ने सहयोग**

क) यस कार्यक्रमको लक्ष्य पाथीभरा याङ्वरक गाउँपालिकाको केन्द्र पूर्णेडाँडा थेचम्बु सम्म जोड्ने सडक भएकाले यस योजनालाई क्रमागत आयोजनाको रुपमा राखि आगामी बर्ष भित्रमा गाउँपालिकाको केन्द्र सम्म जोड्ने गरि बजेट विनियोजन गर्नु पर्ने ।

ख) सिम्या भिरमा मोटरबाटो विस्तार गर्न पर्खाल लगाउनु पर्ने भएकाले सो निर्माणमा गाउँपालिका तथा वडा कार्यालय दुवैले सहयोग गर्नु पर्ने ।

**छ) उपभोक्ता समितिले देहायका विषय वस्तु माथि प्रष्ट पारेको छ/छैन ।**

| क्र.स | विवरण | विषय उल्लेख गरेको वा नगरेको |
|---|---|---|
| १ | योजनाको हाल सम्मको कार्यान्वयनको स्थितिबारे जानकारी गराइएको वा नगराइएको ? | जानकारी गराइएको । |
| २ | योजनाको भौतिक र वित्तीय स्थिति बारे जानकारी गराइएको नगराइएको ? | जानकारी गराइएको । |
| ३ | अनुगमनबाट देखिएको कमजोरी सूधार गरिएको नगरिएको ? | अनुगमनको क्रममा तिनचुलेको छेउको भाग कटान गर्ने |

| | | |
|---|---|---|
| | | भनिएकोमा सो ऐतिहासिक स्थल भएकाले हाललाई कटान नगरिएको ।<br><br>सो स्थल त्यसै क्षेत्रमा भविश्यमा पर्खाल निर्माण गर्न आवश्यक हुने भएकाले |

**ज) उपभोक्ता समितिको आय र व्ययको विवरण**

| क.स | आय विवरण | रकम रु. | क.स | व्यय विवरण | रकम रु. |
|---|---|---|---|---|---|
| १ | गाउँपालिका | ४०,००,०००। | १ | मर्मत सम्भार कोष कट्टी | २,५०,०००। |
| २ | वडा कार्यालय | १०,००,०००। | २ | डिजेल | १४,००,६५५। |
| ३ | श्रमदान | १२२५२६४।२९ | ३ | ढुवानी | १,५०,६००। |
| | | ६२,२५,२६४।२९ | ४ | अपरेटर | ४,००,०००। |
| | | | ५ | हेल्पर | १,०५,०००। |
| | | | ६ | स्काभेटर भाडा बापत | २६,७१,३४५। |
| | | | ७ | सूचनापाटी | ४,०००। |
| | | | ८ | स्टेसनरी | ४५०५। |
| | | | ९ | रेडियो सूचना | १३,५००। |
| | | | १० | श्रमदान (श्रम) | १२२५२६४। |
| | | | ११ | नेबैलि खाता खोल्ने खर्च | १०००। |
| | जम्मा | ६२,२५,२६४।२९ | | | ६२,२५,८६९। |

**झ) आम्दानी खर्च उपर सहभागीको टिप्पणी**

क) आय भन्दा व्यय ६०५ बढी प्रस्तुत भएकोमा सहभागीबाट जिज्ञासा प्रस्तुत भएको थियो ।

ख) आम्दानी र खर्च उपर सहभागिको कुनै टिप्पणी प्रस्तुत भएन ।

**ञ) उपभोक्ताहरुको राय**

क) यो बाटो पहिले हामीले बाँकीमा खनेको थियो त्यसबापतको रकम मिलाइ दिनुपर्यो ।

ख) निरन्तर बाटो खनेर केन्द्रसँग छिटो जोडिदिए हुन्थ्यो ।

ग) घरहरु जोखिममा पर्दैछन्, यसलाई सम्वेदनशिल रुपमा हेरियोस ।

**ट) सहभागीहरुलाई लागेको कुराहरु बोल्न दिइएको, नदिएको ?**

सहभागीहरुलाई बोल्न भरपुर समय दिइएको छ ।

**ठ) सहभागीको विचार जस्ताको तस्तै प्रतिवेदनमा प्रस्तुत गरिए, नगरिएको ।**

सहभागिको विचार जस्ताको तस्तै प्रस्तुत गरिएको ।

**ड) कार्यक्रमबाट प्राप्त उपलब्धी :**

यस कार्यक्रमबाट प्रत्यक्ष लाभ प्राप्त गर्न यस योजनाले पूर्णता प्राप्त गर्नु पर्नेछ । हाल भविश्यको आशामा भर परेका छन् स्थानीय वासिन्दा ।

भिम बहादुर बस्नेत
रोहवर

भीम बहादुर बस्नेत
वडा अध्यक्ष

बौद्धमान बस्नेत
प्रमाणित गर्ने

# मामांखे थुम्बे यामासेन पुर्णेडाँडा मोटरबाटो


# निर्माण कार्यको सार्वजनिक परीक्षणका

# झलकहरु









मिति : २०७५।०२।२५